महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## चौरजहारी नगरपालिका

## ८०६५९४०२३००

## चौरजहारी नगरपालिका , रुकुम पश्चिम भाग

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-१९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
चौरजहारी नगरपालिका ,
चौरजहारी नगरपालिका , रुकुम पश्चिम भाग

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।०६।०७ मा छलफल पश्चात् तयार गरिएको पाना ५४ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो ।

लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो ।

प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

किशोर पाण्डे
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौ- प्रतिवेदन संलग्न छ।, info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम पश्चिम - प्रतिवेदन संलग्न छ।, rukum.dtco@fcgo.gov.np

श्री प्रदेश लेखा इकाई कार्यालय , रुकुम पश्चिम - प्रतिवेदन संलग्न छ।, rukum.pfuo59@gmail.com

# परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस चौरजहारी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १४ वडा, ७३ नगर सभा सदस्य, १०७.३८ वर्ग कि.मी क्षेत्रफल तथा २९२५५ (राष्ट्रिय जनगणना-२०७८ अनुसार)जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय व्ययतर्फ रु. १८८१३७२७८५।९८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६०९४१८।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि नं | विवरण | दाखिला मिति | रकम |
|---|---|---|---|
| १ | उपभोक्ता समितिलाइ बढी भुक्तानी भएको रकम रु. २२,२३६।०० र फर्मलाइ बढी भुक्तानी भएको रु. १,०००।०० समेत रु. २३,२३६।०० असुल भई दाखिला भएको | २०८१।५।१८ | २३२३६ |
| २ | निम्न विद्यालयको पोषाक तथा स्टेशनरी वापत बढी भुक्तानी असुल भएको<br>१. जनकल्याण मावि खलंगा मिति २०८१।५।११ मा रु ३१३५३<br>२. आधारभुत विद्यालय मानकोट मिति २०८१।५।११ मा रु १७४२३<br>३. विजयश्वरी आधारभुत आ वि को मिति २०८१।५।११ मा रु १६०४९<br>४. आधारभुत विद्यालय मानकोट को मिति २०८१।५।११ मा रु ९२६६<br>५. आधारभुत विद्यालय विसाउनेचौर को मिति २०८१।५।११ मा रु ७४७०<br>६. बालकल्याण आ वि मुलडाँडा को मिति २०८१।५।१२ मा रु ८८८०<br>७. जनप्रिय आ वि लामिछानेगाउँको मिति २०८१।५।१२ मा रु. ७९७००<br>८. हिमालय मावि खोलागाउँको मिति २०८१।५।१८ मा रु १५०३०<br>९. बालहित माध्यमिक विद्यालय साक्चाखोलाको मिति २०८१।५।१३ मा रु ४४८५<br>१०. जनज्योती आधारभुत विद्यालय स्यालखोलाको मिति २०८१।५।१२ मा रु १०९०९३ | विभिन्न | २९८७४९ |
| ३ | अमानतमा दहत्तर बहत्तर शुल्क आम्दानी गरेकोमा दाखिला नगरेको हुँदा असुल भई दाखिला | २०८१।५।१८ | २५५९० |
| ४ | विभिन्न समुह मार्फत कृषि पशु पकेट कार्यक्रम संचालन गर्दा लागत साझेदारी नव्यहोरेकोले रु ९१४७३ असुल भई दाखिला भएको | २०८१।५।१८ | ९१४७३ |
| ५ | मृत्यु भएका लाभग्राहीको नाममा निकासा भएको सामाजिक सुरक्षा फिर्ता भएको | २०८१।५।११ | ५८४१६.७७ |
| ६ | बढी निकासा भएको छात्रवृत्ति रकम असुल भई दाखिला भएको | २०८१।५।९ | ४८०० |
| ७ | पकेट कार्यक्रममा कम लागत सहभागिता भएको रकम असुल भई बेरुजु खातामा दाखिला | २०८१।५।१६ | ७०७६० |
| ८ | विभिन्न तालिम कार्यक्रम संचालन गर्दा प्रशिक्षक भत्ता नर्म्स भन्दा बढी भुक्तानी भएकोमा असुल भई बेरुजु खातामा दाखिला | २०८१।६।८ | २६६५० |
| ९ | अग्रिम कर दाखिला भएको | २०८१।५।१९ | ९७४३ |
| | जम्मा | | ६०९४१८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण :**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) मलेप फारम नं २७० | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | ९,४३,३३,२०८.३७ | ० | ९,४३,३३,२०८.३७ |
| १३००० | अनुदान | | ४१,९३,६१,८०२.३३ | ० | ४१,९३,६१,८०२.३३ |
| १४००० | अन्य राजस्व | | २,५०,१४,९००.६७ | ० | २,५०,१४,९००.६७ |
| १५००० | विविध प्राप्ति | | ५,११,९७९.०० | ० | ५,११,९७९.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ५३,९२,२१,८९०.३७ | | ५३,९२,२१,८९०.३७ |
| ३ | चालु | | ३८,२१,२६,५०६.०९ | ० | ३८,२१,२६,५०६.०९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १९,९८,३३,७८४.३८ | ० | १९,९८,३३,७८४.३८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १५,९८,३०,७३८.९१ | ० | १५,९८,३०,७३८.९१ |
| २५००० | सहायता (Subsidy) | | १,६२,६१,५२४.८० | ० | १,६२,६१,५२४.८० |
| २६००० | अनुदान | | २३,०२,९८९.०० | ० | २३,०२,९८९.०० |
| २७००० | सामाजिक सुरक्षा | | २०,३७,६७५.०० | ० | २०,३७,६७५.०० |
| २८००० | अन्य खर्च | | १८,५९,७९४.०० | ० | १८,५९,७९४.०० |
| ४ | पूंजीगत | | १३,८४,७१,१०८.०३ | ० | १३,८४,७१,१०८.०३ |
| ३१११० | भवन तथा संरचना | | ३,६०,६७,३६०.०० | ० | ३,६०,६७,३६०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३८,८८,७२५.०० | ० | ३८,८८,७२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३४,६०,७७१.०० | ० | ३४,६०,७७१.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,०७,१८,९८४.०३ | ० | ९,०७,१८,९८४.०३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ६,८६,६०१.०० | ० | ६,८६,६०१.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ३६,४८,६६७.०० | ० | ३६,४८,६६७.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५२,०५,९७,६१४.१२ | | ५२,०५,९७,६१४.१२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,८६,२४,२७६.२५ | | १,८६,२४,२७६.२५ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | ६,९९,३१,१४९.८१ | | ६,९९,३१,१४९.८१ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | ८७०. | | ८७०. |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ८,८५,५५,४२६.०६ | | ८,८५,५५,४२६.०६ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ४,०९,७५,४३७.६० | | ४,०९,७५,४३७.६० |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १२,९५,३०,८६३.६६ | | १२,९५,३०,८६३.६६ |

सैद्धान्तिक बेरुजु

२.२ पालिकाको प्रकोप व्यवस्थापन कोष खाता, विविध खर्च खाता र धरौटी तर्फको यस वर्षको आम्दानी रु. २९३५६७९५०।०७ र यस वर्षको खर्च रु. २२३६३६७९९।५७ म ले प फा नं २७० (१) मा समावेश भएको छैन। यसले गर्दा प्राप्त वित्तीय विवरणले यथार्थ आर्थिक विवरणको चित्रण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

२.३ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११७०४९९२१.८१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १८४००००, पर्यटन पूर्वाधार आयोजनामा रु. २४९६९७९ र अन्य रु. ४१३२००२ समेत गरी रु. १२५५१८९०२.८१सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १८६२८.७६, यसवर्षको प्राप्ति रु. १५२२७७०८७।८९, यसवर्षको भुक्तानी रु. १५२१८२८०७।६५ र बैंक मौज्दात रु. ११२९०९।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । साथै पालिकाले फरक परेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नु पर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** | **निकासा फिर्ता** |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४०९७५४३७।६० | ८३२६७७६०६।७५ | ७४४२३५२८३।६९ | १२९४१७७६०।६६ | २६६६४५८०।६७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४०९९४०६६।३६ | ९८४९५४६९४।६४ | ८९६४१८०९१।३४ | १२९५३०६६९।६६ | |
| **फरक** | **१८६२८।७६** | **१५२२७७०८७।८९** | **१५२१८२८०७।६५** | **११२९०९** | **२६६६४५८०।६७** |

सैद्धान्तिक बेरुजु

२.५ **बैक हिसाव मिलानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।स्रेस्ताअनुसार वर्षान्तमा रु. १२९५३०६६९.६६मौज्दात रहेको देखिन्छ।

| सि.नं. | खाताको नाम | बैंकको नाम | श्रेस्ता अनुसार २०८१।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१।३।३१ को बाँकी | फरक रकम |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व खाता | राष्ट्रिय वाणिज्य बैंक | | | |
| २ | बाँडफाँडबाट प्राप्त राजश्व खाता | राष्ट्रिय वाणिज्य बैंक | | | |
| ३ | आन्तरिक अनुदान खाता | राष्ट्रिय वाणिज्य बैंक | | | |
| ४ | चालु खर्च खाता | राष्ट्रिय वाणिज्य बैंक | | | |
| ५ | पुँजीगत खर्च खाता | राष्ट्रिय वाणिज्य बैंक | | | |
| ६ | विविध खर्च खाता | राष्ट्रिय वाणिज्य बैंक | ९९४२७४४।६९ | ९९४२७४४।६९ | |
| ७ | स्थानीय तह धरौटी खाता | राष्ट्रिय वाणिज्य बैंक | २२३३९३९१ | २२३३९३९१ | |
| ८ | स्थानीय तह संचित कोष खाता | राष्ट्रिय वाणिज्य बैंक | २६७७१३९५।१६ | २६७७१३९५।१६ | |
| ९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | राष्ट्रिय वाणिज्य बैंक | ७०४७७१३८।८१ | ७०४७७१३८।८१ | |
| **जम्मा** | | | **१२९५३०६६९.६६** | **१२९५३०६६९.६६** | |

सैद्धान्तिक बेरुजु

२.६ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४०९७५४३७।०० मौज्दात रहेकोमा यो वर्ष एकीकृत आय व्यय विवरण अनुसार रु.४०९९४०६६.३६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८६२९.३६ बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी पुष्ट्याई पेश गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रू. २६६६४५८०।०० मिति २०८१।३।२८ देखि मिति २०८१।३।३१ सम्म निकासा फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २५५३४४००० | २३१७२८०७८।३३ | २३६१५९२१।६७ | ० |
| | विषेश | ८०००००० | ६३८१०५४ | १६१८९४६ | ० |
| | समपुरक | ५५०००००० | ५५०००००० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ६२०७५५३० | ६०८६६३३३ | १२०९१९७ | ० |
| | विषेश | २९६०००० | २७८५३०४ | १७४६९६ | ० |
| | समपुरक | ६९८०८५३ | ६९३५०३३ | ४५८२० | ० |
| जम्मा | | ३४०८६०३८३ | ३१४१९५८०२।३३ | २६६६४५८०।६७ | ० |

सैद्धान्तिक बेरुजु

४ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार पारेको देखिएन। पालिकाले नियमानुसार प्रगति विवरण तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले अन्तर अख्तियारी मार्फत (CGAS) निकासा भएको रकमको नियमानुसार आन्तरिक लेखापरीक्षण गरेकोमा पालिकाको सुत्र तर्फको आय व्ययको आन्तरिक लेखापरीक्षण गरेको पाईएन । पालिकामा हालसम्म आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त रहेको पाईएको हुँदा नियमानुसार पदपुर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। यस पालिका तथा अन्तर्गतका वडाबाट यसवर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | निवेदन दर्ता |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७८० |
| मृत्युदर्ता | १९५ |
| बसाईसराई दर्ता | १२० |
| विवाह दर्ता | २९६ |
| सम्बन्धविच्छेद दर्ता | १२ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| ग्राभेल सडक निर्माण | १.१ कि.मी |
| सडक मर्मत | २.१२ कि.मी |

सैद्धान्तिक बेरुजु

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च (प्रदेश/संघ) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०३८७४९५७.३३ | ३०८९१३५७.०७ | ७.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|
| १ | सम्पती कर | ०.०० | १४,७८४.०० |
| २ | भुमिकर/मालपोत | ३५,००,०००.०० | ६३,८७,८६७.८८ |
| ३ | वहाल कर | ६,००,०००.०० | ७,९९,०८७.६४ |
| ४ | वहाल विटौरी कर | ५०,०००.०० | १०,०३०.०० |
| ५ | सवारी साधन कर (सानासवारी) | ३,००,०००.०० | ९७,४२५.०० |
| ६ | पुर्वाधार सेवाकोउपयोगमा लाग्ने कर | ५०,०००.०० | ०.०० |
| ७ | अन्य मनोरञ्जन कर | ४०,०००.०० | ०.०० |
| ८ | व्यवसायले भुक्तानीगर्ने | ०.०० | १,५००.०० |
| ९ | व्यवसाय बाहेक अन्यलेभुक्तानी गर्ने | ३०,०००.०० | १,५००.०० |
| १० | कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०,०००.०० | ८२,३६०.०० |
| ११ | अखेटोपहारमा लाग्ने कर | ५०,०००.०० | ०.०० |
| १२ | अन्य कर | ०.०० | ४,५०,५७०.०० |
| १३ | सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय | ०.०० | ९,०००.०० |
| १४ | सरकारी सम्पतीकोबिक्रीबाट प्राप्त रकम | १,५०,०००.०० | ६१,८८०.०० |
| १५ | अन्य बिक्रीबाटप्राप्त रकम | २,५०,०००.०० | ०.०० |
| १६ | निजी धारा वापतकोशुल्क | ०.०० | १५०.०० |
| १७ | न्यायिक दस्तूर | ६०,०००.०० | ३४,४५०.०० |
| १८ | शिक्षा क्षेत्रकोआम्दानी | १,००,०००.०० | ३३,३००.०० |
| १९ | परीक्षा शुल्क | ५०,०००.०० | ५१,७००.०० |
| २० | यातायात क्षेत्रकोआम्दानी | १,२९,९०,०००.०० | १,३५,४१,८२५.०० |
| २१ | अन्य प्रशासनिक सेवाशुल्क | ६,८०,०००.०० | ७,८१,७८८.२१ |
| २२ | नक्सापास दस्तुर | ७,००,०००.०० | ६,२२,४२४.८९ |
| २३ | सिफारिश दस्तुर | १५,००,०००.०० | २५,४४,०३३.५४ |
| २४ | व्यक्तिगत घटना दर्तादस्तुर | ३,००,०००.०० | ३,१०,५११.०० |
| २५ | नाता प्रमाणित दस्तुर | १,५०,०००.०० | ४२,१७०.०० |
| २६ | अन्य दस्तुर | ५,००,०००.०० | ७,२४,१४९.०० |
| २७ | व्यावसाय रजिष्ट्रेशनदस्तुर | १७,००,०००.०० | ४,३४,६५०.०० |
| २८ | रेडियो/ एफ.एम.सञ्चालनदस्तुर | ४०,०००.०० | ०.०० |
| २९ | अन्य क्षेत्रको आय | १०,००,०००.०० | १८,७५०.०० |
| ३० | न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | २,०००.०० |

| | | | |
|---|---|---|---|
| ३१ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | ४२,५००.०० |
| ३२ | धरौटी सदरस्याहा | ५,००,०००.०० | २४,४९,२००.०० |
| ३३ | अन्य राजस्व | ९,००,०००.०० | ८,१८,१७१.९१ |
| ३४ | व्यवसाय कर | ०.०० | ११,६००.०० |
| ३५ | बेरूजू | ३,००,०००.०० | ५,११,९७९.०० |
| **जम्मा** | | **२,६६,४०,०००.००** | **३,०८,९१,३५७.०७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१० **निरीक्षण नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला हुने गरी सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **ब्याक हो लोडरको सञ्चालन तथा आय**

पालिकाको नाममा भे १ ग १२० को ब्याक हो लोडर रहेको र उक्त उपकरण संचालनमा मर्मत खर्च बार्षिक रु.१३२९२९०। इन्धन खर्च बार्षिक रु.६२५६९९। र चालकको तलव भत्तामा रु.३१२०००। समेत बार्षिक रु. २२६६९८९। खर्च भएको छ। पालिकाको आर्थिक ऐन, २०८० ले कार्यालय प्रयोजन बाहेकको समयमा भाडामा दिनु परेमा इन्धन बाहेक प्रतिघण्टा रु.१,५००। को दरले भाडामा दिने व्यवस्था गरेकोमा यसवर्ष जम्मा १६४३ घण्टाको रु.२४६४४१०। आम्दानी गरेको विवरण पेश गरेको छ। नियमित इन्धन र मर्मतमा कार्यालयको खर्च भएकोमा सोको उपयोग र संचालनको अभिलेख व्यवस्थित गरी सार्वजनिक सम्पत्तिको उपयोगमा पारदर्शिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।९ मा रु.५८ करोड ८२ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १. | आर्थिक विकास | ५३५७०००० | ४५००७३०० | ८.६५ |
| २. | पूर्वाधार विकास | ६१७९५००० | ४७०५८३५४ | ९.०४ |
| ३. | सामाजिक विकास | ३४७११६१०० | ३०४१०७७०० | ५८.४१ |
| ४. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपत | ३७२४००० | २५०६६९२ | ०.४८ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३२१९५१२७ | १२१९१७४६८ | २३.४२ |
| **जम्मा** | | ५९८४००२२७ | ५२०५९७६१४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.४१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा विपतमा सबै भन्दा घटीमा ०.४८ प्रतिशत रहेको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा आन्तरिक आयको तुलनामा ३९४.६७ प्रतिशत खर्च भएको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१४ **वडाको आय दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाको कर तथा दस्तुर असूली तथा दाखिला गर्ने सम्बन्धमा नमुना छनौट बमोजिम परिक्षण गर्दा पालिकामा रहेको वडा नं. १ ले बैंकको पहुँच भएको अवस्थामा समेत देहाय बमोजिम राजश्व दाखिला गर्ने गरेको पाइयो। कार्यालयमा रकम प्राप्त भएपछि सोही दिन तथा सोही दिन वा भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्नेमा नगर्नुको उचित र मनासिव कारण देखिएन। कार्यालयले नियमानुसार सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई तोकिएको समयमा राजश्व रकम संचित कोषमा दाखिला गर्नुपर्दछ।

| वडा नं. १ दैनिक रुपमा बैङ्कीङ पहुँच भएको | | | | सफ्टवेयर अनुसारको मासिक असूली | |
|---|---|---|---|---|---|
| सि.नं. | बैङ्क दाखिला मिति | महिना | बैंङ्क दाखिला रकम रु. | महिना | रकम रु. |
| 1. | - | श्रावण | - | श्रावण | ६९९९० |
| 2. | २०८०।५।५ | भाद्र | ६९९९० | भाद्र | ५३९०० |
| 3. | २०८०।६।११<br>२०८०।६।१५ | असोज | ५५४००<br>१००६०४ | असोज | ११७९०९.४२ |
| 4. | २०८०।७।१५ | कार्तिक | ४३७६८.८४ | कार्तिक | ४३९२३.८४ |
| 5. | - | मंसिर | - | मंसिर | १०७३२० |
| 6. | २०८०।९।२<br>२०८०।९।२० | पौष | १७३५३९.६१<br>५७७४४.८८ | पौष | १४६३७८.४९ |
| 7. | २०८०।१०।३<br>२०८०।१०।५<br>२०८०।१०।१८ | माघ | ४६३६६.७२<br>४२५०<br>४६२६०.३८ | माघ | ७६०४३.१० |
| 8. | २०८०।११।८<br>२०८०।११।२० | फाल्गुण | ३३०१०<br>५०७०३ | फाल्गुण | ९५३१३ |
| 9. | २०८०।१२।१५ | चैत्र | ६६६१६.३९ | चैत्र | ९०५६६.३९ |
| 10. | २०८१।१।२<br>२०८१।१।२१ | बैसाख | ७२४२५<br>६४५८१.४२ | बैसाख | १३५०९८.४२ |
| 11. | २०८१।२।२<br>२०८१।२।२२ | जेष्ठ | ८३८३४.८२<br>१११६५९.५५ | जेष्ठ | १६६५५२.३७ |
| 12. | २०८१।३।२१<br>२०८१।३।३० | असार | ७४८८४.३९<br>५०२८८७.३६ | असार | ५५५५३१.७५ |
| | जम्मा | | **१६५८५२६** | | **१६५८५२६** |

सैद्धान्तिक बेरुजु

## १५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ८६ योजनामा वजेट विनियोजन गरेको छ।

| रु हजारमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | रु.२० लाखमाथिका योजना | | रु.५ लाखदेखि २० लाख सम्मका योजना | | रु. ५लाखभन्दा कमका योजना | | कुल जम्मा | |
| | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | २० | ८६०२५ | ३१ | ५५१९४ | ३५ | ११०२४ | ८६ | १५२२४३ |
| जम्मा | २० | ८६०२५ | ३१ | ५५१९४ | ३५ | ११०२४ | ८६ | १५२२४३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| रु हजारमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट र खर्च | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
| | बजेट | खर्च | खर्च | खर्च | खर्च | खर्च | खर्च |
| 1. | १६७७०१ | १३८४७१ | ५०५२ | ११५१६ | ३८४५४ | ८३४४९ | ५९०१९ |
| प्रतिशत | | | ३.६५ | ८.३२ | २७.७७ | ६०.२६ | ४२.६२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३ करोड ८४ लाख ७१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५० लाख ५२ हजार( ३.६५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड १५ लाख १६ हजार (८.३२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ८४ लाख ५४ हजार (२७.७७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ३४ लाख ४९ हजार (६०.२६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ९० लाख १९ हजार (४२.६२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, सिडिई, अधिकृत आठौ, लेखा अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत, अधिकृत छैटौ, आलेप सहित २७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **दहत्तर बहत्तर कर संकलन तथा निकासी ठेक्काः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था रहेको छ । त्यसै गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विक्री वितरणलाई व्यवस्थित गर्नका लागि "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९" जारी गरेको छ । उल्लेखित व्यवस्था अनुसार पालिकाले भेरी नदीको कोरिडोर सहित नार्जि खोला, जहारी खोला र कालिगार टोटा खोलाको विभिन्न स्थानहरुबाट प्रारम्भिक वातावरणीय मुल्याङ्कन प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने ७८००० घ.मि. परिमाण उत्खनन्, संकलन तथा निकासी गर्ने गरी विभिन्न ३ प्याकेजमा २७५४४९२ घन फिटको लागि रु. ८२६३४७६।०० को न्यूनतम बोलपत्र रकम कायम गरी ठेक्का आह्वान गरेकोमा ३ पटकसम्म सूचना प्रकाशन गर्दा समेत कुनै पनि प्रस्ताव पेश नभएकोले अमानतबाट कर संकलन गरेको देखियो । यसवर्ष पालिकाले नगर प्रहरी परिचालन गरि अमानतबाट जम्मा रु.४२७३०८१।४४ कर संकलन गरेको विवरण पेश गरेको छ । अमानतबाट संकलन सम्बन्धमा देखिएको थप व्यहोराहरु देहाय अनुसार छः

१८.१ रसिद नियन्त्रण खाता र असूली रकमः नगदी रसिदको माध्यमबाट कर तथा दस्तुर असूली गर्दा नगदी रसिद खाता राख्नु पर्दछ । पालिकाले यसवर्ष गरेको छपाई, वितरण र प्राप्ति सहित खुल्ने गरी नगदी रसिद नियन्त्रण खातामा अभिलेख राखि प्रमाणित गरेर राख्नु पर्नेमा अद्यावधिक गरेको देखिएन । नगदी रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८.२ **अमानतबाट दहत्तर बहत्तर असूलीः** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ को दफा ७ मा उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण सम्बन्धी व्यवस्था रहेको छ । घाटगद्दी क्षेत्रबाट संकलन तथा निकासी हुने परिमाणको दैनिक रुपमा रजिष्टरमा टिपोट गर्ने र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेको परिमाण भन्दा ननाघ्ने गरी नियन्त्रणको व्यवस्था गर्नुपर्नेमा नगरेको तथा उल्लेखित मापदण्डहरुको पालना सम्बन्धमा पालिकाबाट आवश्यकता अनुसार निरीक्षण अनुगमन गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा नदीजन्य पदार्थको विक्री परिमाण यथार्थपरक छ, मापदण्डको पूर्ण पालना भएको छ भन्ने देखिएन । यसरी मापदण्डको पूर्ण पालना बेगर असूली तथा दाखिला भएको रकम समेत यथार्थपरक छ भन्न सकिने नदेखिएको हुँदा पालिकाले यकिन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८.३ **मुल्य अभिवृद्धि कर-** अमानतबाट ढुंगा, गिट्टी, वालुवा विक्री गर्दा मुल्य अभिवृद्धि कर समेत रु. ४२७३०८१।४४ संकलन गरेकोमा संकलित मुल्य अभिवृद्धि कर रु. ४९१५९३।४४ राजश्व खातामा दाखिला गर्नुपर्नेमा रु. १९५२०५। मात्र दाखिला गरेको हुँदा बाँकी रकम रु. २९६३८८।४४ दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | २,९६,३८८.४४ |
|---|---|

१९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ३०८९१३५७।०७ राजस्व बाँडफाँट र अनुदानबाट रु.५३४९७६४८४।६१ समेत रु.५६५८६७८४१।६८ आम्दानी भएकोमा चालु तर्फ रु ३८२१२६५०६।०९ र पूँजिगत तर्फ रु १३८४७१३०२।०३समेत रु ५२०५९७८०८।१२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.९३प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७११३०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २३.०२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.४० प्रतिशत चालु र २६.६० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको भए पनि वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सकेको छैन। जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयले अतिथी सत्कार, बैठक लगायतमा खाजा र खानामा रु.११८५०००। खर्च गरेको देखिन्छ । उक्त रकम पालिकाको खुद आन्तरिक आयको तुलनामा ३.८४ प्रतिशत हुन आउछ। यस्तो खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **वस सञ्चालन तथा आय**

पालिकाको नाममा ५ वटा यात्रु वस रहेको मध्ये आर्थिक वर्ष २०७५।७६ मा ३ वटा वस रु. ९४१५०००।०० मा र आर्थिक वर्ष २०७८।७९ मा २ वटा वस रु. ९८५००००।०० समेत ५ वटा वस रु. १९२६५०००।०० मा खरिद भएको देखिन्छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यसवर्ष उक्त वसहरु संचालनबाट रु.११२५२२९५। भाडा आम्दानी भएको छ। वस संचालनमा देहाय बमोजिम चालकको तलब भत्ता, मर्मत, इन्धनमा बार्षिक रु. १०४०४०३९। खर्च भएको छ । सोको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन :

| सि नं | सवारी साधन नं | आम्दानी | तलव भत्ता | मर्मत खर्च | इन्धन खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| १. | भे १ ख १७७ | १३२४३३५ | ६०६००० | ३७४०८७ | ६१४१६६ | **११९४२५३** |
| २. | भे १ ख १७८ | १८२२८१० | ६०६००० | ६७५१३३ | ६३९७९५ | **१९२०९२८** |
| ३. | भे १ ख १७९ | १६२७५९० | ६०६००० | १९१६९२ | ५८५९७५ | **१३८३६६७** |
| ४. | भे १ ख ३९०६ | २१५६३६० | ६०६००० | २२०८७७ | १०४७१०३ | **१८७३९८०** |
| ५. | भे १ ख ३९०७ | ४३२१२०० | ६०६००० | ३८६२१८ | २६३८९९३ | **३६३१२११** |
| | जम्मा | **११२५२२९५** | **३०३००००** | **१८४८००७** | **५५२६०३२** | **१०४०४०३९** |

२३.१ **राजश्वअभिलेखः** नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं १०५), राजश्व आम्दानी दैनिक नगद प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं १०६), राजश्व आम्दानीको दैनिक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं १०७) लगायतका राजश्व आम्दानीको स्रेस्ता खडा गरी आम्दानीको अभिलेख राख्नु पर्नेमा नराखेको एवं वस टिकटको नगदी रसिद नियन्त्रण खाता समेत अद्यावधिक नगरेको हुँदा आम्दानी र दाखिला सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले राजश्व सम्बन्धी अभिलेखहरु दुरुस्त रुपमा राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२३.२ चौरजहारी नगरपालिकाको नगर वस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद २ बुँदा नं ६(१)(घ) अनुसार विद्यार्थीहरुलाई वसको टिकट दरमा ५० प्रतिशत छुट दिने व्यवस्था रहेकोमा छुट दिने टिकट छपाइ गरेको पाइएन। पालिकाले छुट दिने टिकट समेत छपाइ गरी आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२३.३ चौरजहारी नगरपालिकाको नगर वस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ को परिच्छेद १० बुँदा नं १९(१) अनुसार सवारी चालक, सेवा प्रदायक व्यक्ति संस्था कम्पनीले सर्वशुलभ, गुणस्तरीय र विश्वसनीय नगर वस सेवा सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रुले प्रचलित कानुन तथा निर्देशिका बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुन बमोजिम कारवाही गर्न गराउन र आवश्यक कारवाहीको सिफारिश गर्न नगर वस सञ्चालन तथा व्यवस्थापन अनुगमन समिति हुने र उक्त अनुगमन समितिले परिच्छेद ११ को बुँदा नं २० बमोजिम अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका बमोजिम अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण गराई उपलब्ध गराएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित सामानहरु मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी मर्मत र लिलाम गर्नुपर्ने केही उदाहरण देहाय बमोजिम छन् :

| क्र सं | सामानको नाम | मर्मत गर्नुपर्ने | लिलाम/बिक्री गर्नुपर्ने |
|---|---|---|---|
| १. | ट्याक्टर | - | २ |
| २. | मोटरसाइकल | २ | - |
| ३. | पिकअप | - | १ |
| ४. | टेलिभिजन | - | ४ |
| ५. | इन्टरकम टेलिफोन | १८ | - |

सैद्धान्तिक बेरुजु

२५ **सम्पत्तिको संरक्षण र उपयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षण अभिलेख नरहेको, सवारी साधन सञ्चालनको लगबुक अद्यावधिक नराखेको, सम्पत्ति संरक्षण र उपयोग नीति र मापदण्ड नबनेको अवस्थामा स्थानीय तह भित्रका सरकारी, ऐलानी तथा पर्ति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म ३५वटा ऐन, ८वटा नियमावली, ६५कार्यविधि र आचार संहिता तथा निर्देशिका ४५ लगायत १५३वटा कानुन निर्माण गरी कार्यान्वयनमा रहेका छन् ।

सैद्धान्तिक बेरुजु

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २३ र यो वर्ष थप भएको ८४ गरी कुल १०७ विवाद दर्ता भएकोमा ७२ वटा मात्र फर्स्यौट भई ३५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न २४ व्यक्तिहरुलाई रु २६३५४५। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३०८९१३५७.०७ को ०.८ प्रतिशत हुन आउँछ ।

सैद्धान्तिक बेरुजु

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा २५ योजना सञ्चालन गरी यसवर्ष १०१ जनालाई ९० दिन रोजगारी उपलव्ध गराई रु ६०५४८७२। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाले नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १४ वटा योजनामा रु.१५ लाखको दरले रु.२१००००००। विनियोजन भएकोमा रु २०९९३०००। खर्च (कन्टिन्जेन्सी समेत) भएको छ। कार्यालयले १४ योजना संचालन गर्दा २१९ जनाले औषतमा ६६ दिन रोजगारी प्राप्त गरेका छन । सिंचाई कुलो, मन्दिर, पदमार्ग लगायतमा योजना संचालनको लागि ज्यालामा रु. १३०६४३५७। निर्माण सामाग्री खरिदमा रु. ७५१५६४३। खर्च लेखेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । पालिकाले नियमित योजना र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरेको पाईएन । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । त्यसैले ऐन कानुन तथा कार्यविधी तयार गरी कर्मचारी कल्याण कोष स्थापना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाले दरबन्दी मिलान गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| **सि.नं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १. | विभिन्न ४२ विद्यालय | १९४ | २९८ | १०८ | ७६७७ | १:२६ |

सैद्धान्तिक बेरुजु

३४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्नअनुसार विगत आर्थिक वर्षमा दिएको देहाय बमोजिमको म्याद

नाघेको पेश्की रु. २६४४७५००। र यसवर्षको म्याद नाघेको पेश्की रु ७०००००। समेत रु. २७१४७५००। फर्स्यौट गर्न बाँकी रहेको देखिन्छ । पालिकाले यसवर्ष दिएको म्याद नाघेको पेश्की रु. ७०००००। समेत बाँकी पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने देखिएको रु

| **गो. भौ. न.** | **पेश्की लिएको मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने व्यक्ती , फर्म वा कम्पनीको नाम** | **पेश्की रकम** | |
|---|---|---|---|---|---|
| | | | | गत वर्षको (म्याद नाघेको) | यसवर्षको (म्याद नाघेको) |
| ९६ | २०८१।२।४ | जग्गा प्राप्ति खर्च एकिकृत सामुदायिक भवनको लागि वडा नं ०३ | रेखा बुढाथोकी रावत | | ७०००००० |
| | विगत वर्षको | सुपथ मुल्यका पसल सञ्चालन तथा व्यवस्थापन | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. | ७२७५०० | |
| | विगत वर्षको | समपुरक अनुदान | ज्ञानु शर्मा गौतम | १०००००० | |
| | विगत वर्षको | कर्मचारी तालिम खर्च | कृष्ण प्रसाद शर्मा | २०००००० | |
| | विगत वर्षको | विमा तथा नविकरण खर्च | कृष्ण प्रसाद शर्मा | ३०००००० | |
| | विगत वर्षको | भवन निर्माण मोविलाइजेशन पेश्की | विकोइ जय बागेश्वरी माता जे भी | २५१२०००० | |
| **जम्मा** | | | | **२६४४७५००** | **७०००००** |

| पेश्की | ७,००,००० |
|---|---|

३५ **शेयर लगानी** (४१/२०८०-१०-२४):

पूँजीगत अनुदान कार्यक्रम अन्तर्गत बजेट व्यवस्था भए अनुसार यसवर्ष पालिकाले गो भौ नं ४१।२०८०।१०।२४ बाट रु. ९८०००००। र पालिकाबाट प्राप्त विवरण अनुसार विगत वर्षमा रु. ३३१०००००। समेत रु.४२९०००००। स्यार्पु पावर कम्पनी लिमिटेडमा संस्थापक शेयर लगानी गरेको छ। नगरपालिकाले सार्वजनिक लगानीको सदुपयोग सम्बन्धमा आवश्यक अनुगमन गरी लगानी सुरक्षाको सुनिश्चितता हुनुपर्दछ। पालिकाले शेयर लगानी रकमलाई वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **मर्मत सम्भार कोष** (२६/२०८०-१०-२):

चौरजहारी नगरपालिका अन्तर्गत वडा नं ६,७,८ र ९ को क्षेत्रभित्र सञ्चालन हुने भेरिमालिका खानेपानी आयोजना संचालनको लागि उपभोक्ताले बुझाउनु पर्ने योगदान वापतको कुल लागत मध्ये १ प्रतिशत रकम गरिबी तथा आर्थिक विपन्नताको कारण बुझाउन नसकेको कारण कार्यपालिकाको मिति २०८०।९।३ को निर्णयानुसार भौचर नं २६।२०८०।१०।२ मा रु. ८६७०००। भेरिमालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा नं ९ को नाममा वित्तीय समानिकरणबाट खर्च लेखि जम्मा गरेको छ। मर्मत सम्भार कोषको लागि उपभोक्ता समितिबाट व्यहोर्नु पर्ने रकम पालिकाले व्यहोरेको हुँदा उक्त खर्च नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ८,६७,००० |
|---|---|

३७ **१५ सैय्या अस्पताल भवन निर्माण**

३७.१ यस पालिकाले १५ शैयाको अस्पताल निर्माणका लागि मु.अ.कर समेत रु. १९,९६,८९,५०४।१९ को लागत अनुमान (कन्टिन्जेन्सी समेत रु.२२,९६,४२,९२९.८२) मिति २०७८।१।३० मा स्वीकृत गरी २०७८।२।१८ मा बोलपत्र आव्हानको सूचना गरे बमोजिम दाखिला भएका १२ वटा बोलपत्रदाता मध्ये घटी कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता बिकोइ जय बागेश्वरी माता जे.भी सँग लागत अनुमान भन्दा ३३.३२ प्रतिशत घटी अर्थात रु. १३,३१,५३,५३३।५० मा २०७८/०९/०९ मा निर्माण सम्झौता भई गत वर्षसम्म रु.३३६९५८४। भुक्तानी भएको छ। अस्पताल निर्माण कार्यमा २.४ प्रतिशत भौतिक र २.५ प्रतिशत वित्तीय प्रगति भएको छ।

उक्त सम्झौता बमोजिम २०८०।५।९ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा प्रथम पटक साइट विवाद, बजेटको सुनिश्चितता नभएको भनि निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन दिएकोमा २०८०।९।२९ सम्म र दोस्रो पटक वर्षात् को कारण कार्यपालिकाको मिति २०८०।९।२४ को निर्णयअनुसार २०८१ असार मसान्तसम्म म्याद थप भएको छ । त्यसैगरी तेस्रो पटक निर्माण व्यवसायीबाट मिति २०८१।३।२ मा उच्च पहाडी भौगोलिक कारण र मनसुनको कारण २०८३।३।३२ सम्म म्याद थपको लागि निवेदन दिएकोमा म्याद थप भएको देखिएन । यसवर्ष निर्माण व्यवसायीले कुनै कार्य गरेको पाइएन। निर्माण व्यवसायीले सम्झौता कार्यान्वियन नगरेको हुँदा पालिकाले ऐन, कानून र सम्झौता बमोजिम आवश्यक कारवाही गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधी भित्र सम्पादन गर्न नसकेको कारणले यस नियम बमोजिमको पेश्की खर्च हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेको हुँदा मोविलाइजेशन पेश्की रु.२५१२००००। निजको बैंकको अग्रिम जमानतबाट व्याजसमेत असुल गर्नुपर्ने व्यहोरा औल्याएकोमा स्थिति यथावत रहेको छ। पेश्की जमानतको म्यादसमेत मिति २०७९।११।८ मा सकिएकोमा कार्यालयले पेश्की जमानत जफतको लागि चलानी नम्बर ४६७ मिति २०८०।७।३ मा प्राइम कमर्सियल बैंकलाई पत्राचार गरेकोमा हालसम्म जफत नभएकोले नेपाल राष्ट्र बैंकसँग समन्वय गरी पेश्की रकम ब्याज समेत जफत गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ३८ मालिका टुरिजम डेभलपमेन्ट मास्टर प्लान

पालिकाले मालिका टुरिज्म एरिया डेभलभमेन्ट तथा फुटपाथ कन्स्ट्रक्सन कार्य चौरजहारीको लागत अनुमान रु. ७,४९,८२,५७८। ७९ रहेकोमा बोलपत्रको माध्यमबाट रु. ६४,८७,७२५६।५८ (१३.४८ प्रतिशत घटी) मा खानी मिशन जे.भी सँग २०७८/८/२७ मा सम्झौता भएको देखियो। सम्झौता बमोजिमको कार्य २०७९/९/२७ सम्म सम्पन्न गर्नुपर्नेमा ३ पटक म्याद थप भई २०८१/३/३१ मा म्याद समाप्त भएको छ। कार्यालयले गत वर्षको पाँचौ रनिङ बिलको भुक्तानी दिन बाँकी दायित्व रु. ४३१६७२७। र छैंटौ रनिङ बिलको रु.१८०६५६६। यसवर्ष भुक्तानी दिई छैटौ रनिङ बिलसम्म रु. ४५१८०३१२।५७ मूल्याङ्कन तथा भुक्तानी भएको छ। पालिकाले १.५ गुणा म्यादथप गर्दा पनि वित्तीय प्रगति ६९.६४ प्रतिशत मात्र हासिल भएको छ भने भौतिक प्रगति विवरण तयार गरेको पाईएन। उक्त निर्माण गुरुयोजनामा मुख्यतया लिफ्ट खानेपानी योजना, मन्दिर निर्माण, शौचालय निर्माण, रेलिङ्ग निर्माण, टिकट काउन्टर भवन, वाटर फाउण्टेन लगायतका कार्य सम्पन्न गर्नुपर्नेमा मन्दिर निर्माण, शौचालय निर्माण, आंशिक रेलिङ निर्माण, टिकट काउन्टर भवनको फिनिसिङ्गको कार्य, वाटर फाउण्टेनको निर्माण कार्य लगायतका कार्य बाँकी रहेको देखिन्छ। सम्झौता बमोजिम बाँकी कार्य अविलम्ब सम्पन्न गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ३९ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले गरेको खरिद तथा निर्माणको कार्यमा लागत अनुमान भन्दा ६१.१० प्रतिशत सम्म घटीमा कबोल गरेर सम्झौता भएका केही ठेक्का विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

## ४० परामर्श सेवा

४०.१

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष परामर्शदातावाट डी.पी.आर तयार गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

| गो भौ नं र मिति | परामर्श सेवाको विवरण | परामर्शदाता | ल.ई रकम | भुक्तानी रकम | योजनाको लागत | योजनामा यसवर्ष भएको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९२। २०८१।३। २३ (नपा पुजिगत) १३०। २०८१।३। २३ (संघीय पुजिगत) | चन्द्र वजार – जुम्ली पोखरी र जोगिनेटा – जमिरखोला सडक निर्माणको डिपिआर तयारी | वि एम एस.पि.मल्टिप्रपोज प्रालि चौरजहारी | १८८३४०२.९८ | ८३८१५७ ९७१०४१ | १४६९६७८१३४ | ८२०१९२६। | लागत अनुमानको तुलनामा १३.०८ प्रतिशत खर्च |
| संघिय र प्रदेश सरकार कार्यक्रम | घुघति- नाख्ला- सौर्यपोखरी- तिमिले सडक निर्माणको डिपिआर तयारी | श्री थ्री आर इन्जिनियरीङ्ग कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. | १२००००० | ११८०२८५ | ९६७८९४९१.३८ | ३८९७५८७ | लागत अनुमानको तुलनामा ४.०३ प्रतिशत खर्च |

सैद्धान्तिक बेरुजु

४०.२ यसवर्ष चन्द्र वजार जुम्ली पोखरी जोगिनेटा जमिरखोला सडक निर्माण कार्यमा रु. ८२०१९२६। खर्च भएकोमा आगामी आर्थिक वर्ष २०८१।८२ को लागि यस योजनाको लागि रु. १९००००००। वजेट व्यवस्था भएको देखिन्छ साथै घुघति नाख्ला सौर्यपोखरी तिमिले सडक निर्माण कार्यमा रु.३८९७५८७।०० खर्च भएको देखिएकोमा आगामी आर्थिक वर्षको लागि यस योजनाको लागि वजेटको व्यवस्था भएको देखिदैन।कार्यक्रम स्वीकृत तथा स्रोत सुनिश्चितता गरी आवश्यक वजेट व्यवस्था मार्फत विस्तृत आयोजना प्रतिवेदनलाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४०.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सम्बन्धित सार्बजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयको प्राविधिक जनशक्तिबाट विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्ने कार्य हुन सक्ने नसक्ने एकिन नगरी परामर्शदाता नियुक्ति गर्दा कार्यालयलाई थप व्ययभार पर्न गएको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४०.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायितव नियमावली, २०७७ को नियम ३३ बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै कृयाकलापमा खर्च गर्नुपर्ने भएमा कार्यक्रम संशोधन गरेर मात्र खर्च गर्नुपर्दछ । कार्यालयले कार्यक्रम संशोधन नगरी देहाय बमोजिम डिपिआर निर्माणमा रु. ३२००००। खर्च गरेको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रु

| गो भौ नं र मिति | खर्च गर्नुपर्ने कार्यक्रम | खर्च गरेको कार्यक्रम | विवरण | खर्च रकम |
|---|---|---|---|---|
| १३०।२०८१।३।२३ | चन्द्र बजार साना खोला जुम्ली पोखरी उल्लेरी सडक स्तरोन्नती | स्वास्थ्य चौकी भवन निर्माण | डिपिआर निर्माण | ३२०००० |

| | |
|---|---|
| अनियमित भएको | ३,२०,००० |

४१ **धरौटी फिर्ता**

आन्तरिक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यलयले निर्माण व्यवसायी सपना एण्ड सरोज कन्स्ट्रक्सन सेवालाई कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र पेश नगरी भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,९४४ |

४२ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा २५ प्रतिशत रकमान्तर गर्न सक्ने उल्लेख छ। तर चौरजहारी नगरपालिका विनियोजन ऐन, २०८० को दफा २ मा पालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी रकमान्तर गर्न सक्ने छ। सोही नियमको उपदफा ३ मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा वढ्ने गरी रकम सार्नुपरेमा नगरसभाको स्वीकृती लिनुपर्ने व्यवस्था छ। यसवर्ष नगरसभाबाट मिति २०८०।१०।८ मा रु. २९०२२३७८। र २०८१।३।१० मा रु. १३२०७७४९। समेत रु. ४२२३०१३८। रकमान्तर स्वीकृत गरी कार्यक्रम संशोधन गरेको गरेको छ। पालिकाले रकमान्तर गर्दा घटाउने र बढाउने कृयाकलापलाई एकमुष्ठ राखे गरेको हुँदा घटाउने र बढाउने कृयाकलाप स्पष्ट खुल्ने गरी विवरण तयार गर्नु पर्दछ। पालिकाले देहाय वमोजिम सवारी साधन मर्मत र ईन्धनमा नगरसभावाट रकमान्तर अनुमोदन गराई खर्च लेखेको छ। बजेट तर्जुमा गर्दा वस्तुपरक ढंगबाट गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | शुरु वजेट | रकमान्तर | खुद वजेट | खर्च | रकमान्तर प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सवारी साधन मर्मत खर्च | २१४०९०० | ३५००००० | ५६४०९०० | ५६३७९०० | १६३.४८ |
| २ | ईन्धन कार्यालय प्रयोजन | ३०००००० | ९५५००० | १२५५०००० | १२५०६३४६ | ३१८.३३ |

यस सम्बन्धमा छलफल गर्दा नगरपालिका अन्तर्गतका नगर बस, एम्वुलेन्स, डोजर, टिपर लगायत यातायातका साधन संचालनलाई व्यवस्थित गर्न कोष स्थापना गर्ने उद्देश्यले कम वजेट विनियोजन गरिएकोमा विविध कारणवश कोष स्थापना हुन नसकेकोले सवारी साधन मर्मत तथा ईन्धनमा रकमान्तर गरिएको कार्यालयको भनाई रहेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **भुक्तानी दिन बाँकी दायित्व**

४३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको मलेप फारम नं २२१ अनुसार आर्थिक वर्ष २०७९।८० को पदाधिकारी सेवा सुविधा, करार शिक्षकको पारिश्रमिक, अन्य भत्ता, विभिन्न योजनाको भुक्तानी बाँकी रकम लगायतको कार्यमा भुक्तानी दिनुपर्ने दायित्व रु. १५५५९६३९.०० रहेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार उक्त दायित्वमध्ये आर्थिक वर्ष २०८०।८१ मा रु. १०८३६३२७.०० भुक्तानी भएको छ। त्ययसैगरी यस वर्ष पदाधिकारी सेवा सुविधा, इन्धन, सवारी साधन मर्मत, करार शिक्षकको पारिश्रमिक र विभिन्न योजनाकोव भुक्तानी दिन बाँकी रकम लगायतमा आगामी वर्ष भुक्तानी दिने गरी रु.१४९८५०२७। दायित्व रहेको देखिन्छ। यसले गर्दा प्रत्येक वर्षको बजेट विनियोजनमा गत विगतका भुक्तानी दिनुपर्ने रकममा विनियोजन हुने गरेको देखिन्छ । गाउँपालिकाले स्रोत सुनिश्चितता गरी यथार्थपरक वजेट बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) बमोजिम देहाय खर्च शिर्षकलाई भुक्तानी दिन बाँकीको विवरणको विवरण (मलेप फाराम नं २२१) मा दायित्व राखी भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले भुक्तानी दिन बाँकीको विवरणमा समावेश गर्न नमिल्ने रकम समावेश गरी रु. ४०९३७६भुक्तानी दिएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रु

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ३ | अतिरिक्त समय र नाइट भत्ता | २२९९२६ |
| ४० | हेजार्ड भत्ता | १३४५७५ |
| ७६१ | परामर्श खर्च | ४४८७५ |
| **जम्मा** | | **४०९३७६** |

| अनियमित भएको | ४,०९,३७६ |
|---|---|

४४ **कन्टिन्जेन्सी खर्च :**

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले मर्मत र इन्धनमा रु. ७८१५०।००, कार्यालय संचालन तथा अनुगमनमा रु. ७२३५१३।०० र अन्यमा रु. ७९३२१५।०० समेत रु. १५९४८७८।०० सार्वजनिक निर्माण शिर्षकबाट कन्टिन्जेन्सी खर्च गरेको पाइयो जुन कूल पूँजिगत खर्च रु.१३ करोड ८४ लाख ७१ हजारको १.१५ प्रतिशत हुन आउँछ। कन्टिन्जेन्सी खर्चको अभिलेखाङ्कन आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार हुने गरी आवश्यकताको आधारमा नगरि नहुने कार्यमा मात्र खर्च गरी मितव्ययी र नियन्त्रण गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४४.२ **कन्टिन्जेन्सी खर्चः** चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/ ८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न वनेको विनियोजन ऐन, २०८० को दफा५(ग) मा कुल कन्टिन्जेन्सी रकमको ६०% रकम पूजींगत प्रकृतिका कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यसवर्ष कन्टिन्जेन्सी रु. १५९४८७८। खर्च गरेकोमा कार्यालय संचालन, अनुगमन लगायत चालु खर्चमा खर्च गरेको छ। विनियोजन ऐन वमोजिम ६० प्रतिशतले हुने रु. ९५६९२७।०० पुँजिगत खर्च गर्नुपर्नेमा नगरेकोले उक्त रकम अनियमित देखिएको रु.

| अनियमित भएको | ९,५६,९२७ |
|---|---|

४५ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न कृषक समुह, कृषि फर्म, कृषि सहकारी, कृषकहरुलाई देहाय बमोजिम बोयर क्रस बाख्रा, फलफुलको विरुवा वितरण, प्लाष्टिक टनेल निर्माण, गोठ निर्माण, मिनि टिलर लगायत वितरणमा अनुदान उपलव्ध गराएका केही उदाहरण निम्नानुसार छन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धि मापन गरेको छैन। पालिकाले संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अभिलेखिकरण सहित अनुदानको सदुपयोग भए नभएको सम्वन्धमा प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

४६ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्वन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने र नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खरिद भएका मिनि टिलर, कर्न सेलर लगायतका यान्त्रिक उपकरण खरिद गरी स्पेसिफिकेशन अनुसार सामान प्राप्त भए नभएको परीक्षण गरी प्रतिवेदन तयार गरेको पाईएन ।

· कार्यालयले भौ नं ४३८।२०८१।३।१८ बाट मकै पकेट बाली विकास कार्यक्रम सञ्चालन समितिलाई ५० प्रतिशत अनुदान वापत रु.५७००० को दरले १२ थान मिनिटिलर खरिद गर्दा रु. ३४२०००।००(५० प्रतिशत अनुदान) भुक्तानी गरेको देखिन्छ।

· कार्यालयले भौ नं ५६४।२०८१।३।२४ बाट पकेट कार्यक्रमको लागि समितिलाई रु २३४२०००। (५० प्रतिशत अनुदान) उपलव्ध गराएको छ। जसमा मिनि टेलर,कर्नसेलर खरिद गरेको छ।

सैद्धान्तिक बेरुजु

४७ **यान्त्रिकीकरण अनुदान**

यान्त्रिकरणमाअनुदान सहयोग सम्बन्धी सञ्चालन मापदण्ड, २०७७ अन्तर्गत कृषकहरु छनोट गर्दा मिनिटिलर अनुदानको हकमा खेति गरिएको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार / लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्युनतम १० बर्षको लागि करार सम्झौता गरी कृषकहरुलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले छनोट गर्दा उक्त छनोटको आधार अबलम्वन गरेको छैन। पालिकाले आगामी दिनमा छनौट विधिको पूर्ण रुपमा अवलम्वन गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४८ **कार्यालय सामाग्री तथा मसलन्द खर्च**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाख भन्दा माथि रु. २० लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु. ३६२०७४९। र मेसिनरी तथा औजार खरिदमा रु.२५६७४९५ पटक पटक गरी खर्च गरेको गरेको छ। पालिकाले पटक पटक खरिद नगरी खरिद योजना तयार गरी प्रतिष्पर्धा गराई बोलपत्रको माध्यमबाट मितव्ययी ढंगबाट खरिद कार्य गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यसवर्ष पालिकाले रु. ११७०४९९२१।८१सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

४९.१ **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छ

| व्यक्तिगत परिचय नं. | पुरा नाम | जन्म मिति(वि.सं.) | वडा नं. | नागरिकता नं | रकम |
|---|---|---|---|---|---|
| २००६०१०१३६८४९ | मोते खत्री | २००६-०१-०१ | ४ | 28832114 | ४८००० |
| २०१६०१०११२६४१ | मोहने टमटा | २०१६-०१-०१ | ८ | 28832114 | ४८००० |
| २००६०१०११६६५२ | मनबिरे कामी | २००६-०१-०१ | १ | ३०३१ | ४८००० |
| २०२७०१०१०२९५३ | कमला पोखरेल | २०२७-०१-०१ | ३ | ३०३१ | ४८००० |
| २००९१२३१०६७८२ | लक्ष्मी गाईने | २००९-१२-३० | १० | 56302992 | ४८००० |
| २०४५०७०७०२१३२ | उर्मिला नेपाली | २०४५-०७-०७ | १० | 56302992 | ४८००० |
| २०२००२०४०४००६ | पुतली नेपाली | २०२०-०२-०४ | ४ | ५६३०३१।९८८ | ४८००० |
| २०१९०२१००७३६२ | डिला कुमारी जैसी | २०१९-०२-१० | ४ | ५६३०३१।९८८ | ४८००० |
| २०३००१०७००५११ | कमला बोहोरा | २०३०-०१-०७ | ६ | ५६३०३०७१८ | ४८००० |
| २०४४१००८००३९६ | लक्ष्मि बोहोरा | २०४४-१०-०८ | ९ | 563030718 | ४८००० |
| **जम्मा** | | | | | **४८००००** |

सैद्धान्तिक बेरुजु

४९.२ वढी भुक्तानीः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ मा लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने उल्लेख भएकोमा पालिकाले प्रथम त्रैमासिकमा इ एफ टी गर्दा अम्बा बुढा (personal ID No. 2011123097656) लाई रू ८०००। बढी भुक्तानी दिएको देखिएकोले उक्त बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ८,००० |
|---|---|

४९.३ अनुगमन तथा सुपरिवेक्षणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार प्रत्येक स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले समति गठन गरेको छैन। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९.४ अद्यावधिक गर्नेः सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानीय तहले प्रत्येक आर्थिक बर्षको लागि कार्तिक मसान्त भित्र लाभग्राहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालीमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहीको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गरीलाभग्राहीको लगत अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९.५ डाटा शुद्धिकरणः पालिकाले प्रथम त्रैमासिक देखि चौथो त्रैमासिक सम्मको सामाजिक सुरक्षा भत्ता बैंक तथा EFT मार्फत विभिन्न मितिमा सेवाग्राहीको खातामा निकासा गरेको पाईयो । पालिकाले सम्बन्धित शाखाबाट निकासाको प्रमाणित विवरण स्रेस्तामा संलग्न

गर्नुपर्नेमा गरेको देखिएन। अन्तिम त्रैमासिकसम्मको निकासामा बांकी रकम फिर्ता गर्नुपर्ने भएमा पालिकाले बैंकसँग समन्वय गरी डाटा शुद्धिकरण मार्फत यकिन गरी उक्त रकम संघीय राजश्व खातामा दाखिला गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **शिक्षण सिकाई अनुदान** (५१२-२०८१-३-११):

शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधी, २०७७ को परीच्छेद ३(७) ख मा विद्यालयले छनौट भएका शिक्षकको अनिवार्य करार सम्झौता गर्नुपर्ने र (ग) मा विद्यालयमा आगामी वर्षहरुका लागि शिक्षण सिकाई अनुदान कोटा सुनिश्चितता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले यसै अनुरुप शिक्षण सेवा करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादनको प्राथमिकता दिई पुनः करार गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले छनौट भएका शिक्षकहरुको करार सम्झौता नगरी तथा अनुदानको सुनिश्चितता नभई कार्यक्रमलाई निरन्तरता दिईएकोले शिक्षकहरुसँग सम्झौता गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **शिक्षक सख्या/ तह** | **भुक्तानी भएको रकम** |
|---|---|---|
| माध्यामिक विद्यालय खहरे | मा.वि.(२जना) | ६९९०२४ |
| जनकल्याण मा.वि. खागल | मा.वि.(२जना) | ७८६४०२ |
| जनकल्याण मा.वि.सानाखोला | मा.वि.(२जना) | ७८६४०२ |
| सरस्वती मा.वि. घरेलीचौर | मा.वि.(२जना) | ७८६४०२ |
| बालहित मा.वि. | १ जना मा.वि. | ३४९५१२ |
| जनकल्याण मा.वि. जोगीनेटा | १ जना मा.वि. | ३४९५१२ |
| **जम्मा** | | **३७५७२५४** |

| अनियमित भएको | ३७,५७,२५४ |
|---|---|

५१ **छात्रवृति वितरणको भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्नुअघि खर्चलाई पुष्टयाई गर्ने विल, भरपाई तथा कागजातपेश गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसारका विद्यालयलाई छात्रवृति अनुदान निकासा दिएकोमा छात्रवृति वितरण गरेको भरपाई पेश गरेको छैन। नियमावलीमा भएको व्यवस्था अनुसार विद्यालयले छात्रवृति वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | छात्रवृति दर | रकम |
|---|---|---|---|
| हिमालय मा.वि. | ४३९ | ४०० | १७५६०० |
| | ८ | ५०० | ४००० |
| कालिका आ.वि. | २६ | ४०० | १०४०० |
| गडिदेउराली आ.वि. | २४ | ४०० | ९६०० |
| आ.वि. घर्तिकोडा | ४५ | ४०० | १८००० |
| जनकल्याण मा.वि. | २१२ | ४०० | ८४८०० |
| जनआस्था आ.वि. | १७ | ४०० | ६८०० |
| हिमालय मा.वि. | ३१९ | ४०० | १२७६०० |
| | ३४ | ५०० | १७००० |
| शितल मा.वि. | ५ | ५०० | २५०० |
| | १७२ | ४०० | ६८८०० |
| आधारभुत विद्यालय नाखिरा | १७२ | ४०० | ६८८०० |
| | २४ | ५०० | १२००० |
| | २ | १००० | २००० |
| **जम्मा** | | | **६०७९००** |

| प्रमाण पेश नगरेको | ६,०७,९०० |
|---|---|

५२ **बाल विकास अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं.२.७.१३.१०को ५.१ मा आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षणका लागि एकमुष्ठ अनुदान दिने व्यवस्था छ। उक्त कार्यक्रम कार्यान्वयन पुस्तिकाले बाल विकास केन्द्रलाई माथी उल्लिखित शिर्षकमा अनुदान दिने व्यवस्था छैन। पालिका स्थित २ बालविकास केन्द्रलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण अनुदान निकासा भएकोले उक्त निकासा भएको रकम असूल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | सामाजिक लेखापरीक्षण |
|---|---|
| कालिका बालविकास केन्द्र मूलज्यूला | १०००० |
| जनचेतना बाविके अंगेरी | १०००० |
| **जम्मा** | **२००००** |

| असुल गर्नुपर्ने | २०,००० |
|---|---|

५३ **नर्म्स भन्दा वढी भुक्तानी**

कर्णाली प्रदेशको खर्चको मापदण्ड निर्देशिका, २०७५ को बुदा नं २.५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्दा हुने खर्चको मापदण्ड उल्लेख गरेको छ।जसमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्तिले कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पारिश्रमिक पाउने उल्लेख छ। पालिकाले देहाय वमोजिमको तालिम सञ्चालन गर्दा

देहायअनुसारको शिर्षकमा खर्चको मापदण्ड भन्दा वढी दर राखी भुक्तानी दिएको पाईएकोले उक्त वढी भुक्तानी भएको रकम सम्बन्धितबाट व्यक्तिबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.न./ मिति | कार्यक्रमको नाम | विवरण | भुक्तनी गर्नुपर्ने रकम | भुक्तानी भएको रकम | फरक रकम |
|---|---|---|---|---|---|
| ३०।२०८१।३।२२ | लेकाली बाख्रा पालन पकेट कार्यक्रम तालिम संचालन | ४ सेसन | २७२० | ५४४० | २७२० |
| ३४।२०८१।३।२३ | हांस पकेट कार्यक्रम संचालन | २० सेसन | १३६०० | २७२०० | १३६०० |
| ४०।२०८१।३।२३ | दलित महिला वाख्रा पालन आय आर्जन तालिम संचालन | ४ सेसन | २७२० | ५४४० | २७२० |
| ५३।२०८१।३।२४ | जिउला बाख्रा पकेट तालिम संचालन | ४ सेसन | २७२० | ५४४० | २७२० |
| ५६।२०८१।३।२४ | नार्जि ताजा तरकारी उत्पादन पकेट संचालन | १६ सेसन | १०८८० | २१७६० | १०८८० |
| ६४।२०८१।३।२४ | ताजा तरकारी बिउ उत्पादन पशुपालन पकेट कार्यक्रम | ८ सेसन | ५४४० | १०८८० | ५४४० |
| जम्मा | | | | | ३८०८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,०८० |

## ५४ विद्यालय सुधार योजना

स्थानीय तह अन्तर्गत सञ्चालित सामुहिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारका दरले विद्यालय सुधार योजना सञ्चालन कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना सहयोगी पुस्तिका,२०७५ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गरेको विद्यालय हरुलाई मात्र उपलब्ध गराउने व्यवस्था कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को क्रियाकलाप न २.७.१३.१० मा उल्लेख छ। यसवर्ष पालिकाले तपसिलका ३७ विद्यालयलाई विद्यालय सुधार योजना कार्यका लागि रु ५९४५००| अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण पेश हुन आएन । विद्यालयहरुले यस क्रियाकलाप अन्तर्गत अनुदान प्राप्त गर्नु पुर्व सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नुपर्ने र सो नगरेको विद्यालयलाई अनुदान निकासा दिन मिल्ने देखिदैन । यस प्रकारको अनुदान प्राप्त गरेको विद्यालयबाट विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नुपर्ने रु

| सि न | विद्यालयको नाम | वि सु यो अनुदान रकम |
|---|---|---|
| १ | आधारभूत विद्यालय लहरेसिमल | १५००० |
| २ | जनकल्याण मा.वि. सानाखोला | २०००० |
| ३ | हिमालय मा.वि.खोलागाउँ | २०००० |
| ४ | आधारभूत विद्यालय नार्जी | १५००० |
| ५ | कालिका आवि लयाँटा | १५००० |
| ६ | ज्ञानकुञ्ज आ.वि. कालापत्थर | १५००० |
| ७ | मालिका आ.वि. अमलाटाकुरा | १५००० |
| ८ | आधारभूत विद्यालय भूवाटाकुरा | १५००० |
| ९ | गडिदेउराली आ.वि. लेकनार्जी | १५००० |
| १० | कालिका आ.वि.गोईरी | १५००० |
| ११ | विजयश्वरी आ.वि. | १५००० |
| १२ | जनकल्याण आ.वि.रातामाटा | १५००० |
| १३ | जनता आ.वि. बिचकाटिया | १५००० |
| १४ | आधारभूत विद्यालय नाखिरा | १५००० |
| १५ | जनसेवा आ.वि. जुम्लीपोखरी | १५००० |
| १६ | आधारभूत विद्यालय मनकोट | १५००० |
| १७ | आधारभूत विद्यालय मानकोट | १५००० |
| १८ | सरस्वती माध्यामिक विद्यालय, घरेलीचौर | २०००० |
| १९ | बालहित आ.वि. नाउली | १५००० |
| २० | बालज्योती आ.वि. नाख्ला | १५००० |
| २१ | जनकल्याण आ.वि.लामाडाँडा | १५००० |
| २२ | ऐश्वर्य आ.वि. बिसाउनेचौर | १५००० |
| २३ | जनचेतना आ.वि. तीमीलेपोखरी | ९५०० |
| २४ | जनता आ.वि. सिमचौर | १५००० |
| २५ | जनआस्था आ.वि. पुरानापानी | १५००० |
| २६ | ज्ञानज्योती आ.वि. माथिसर्केना | १५००० |
| २७ | आधारभूत विद्यालय घर्तीकाँडा | १५००० |
| २८ | जनकल्याण मा.वि.जोगीनेटा | २०००० |
| २९ | माध्यामिक विद्यालय कोटजहारी | २०००० |
| ३० | जनज्योती आ.वि. मूलपानी | १५००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | जनकल्याण मा.वि. खागल | २०००० |
| ३२ | जनप्रिय आ.वि. लामिछानेगाउँ | १५००० |
| ३३ | माध्यमिक विद्यालय खहरे | २०००० |
| ३४ | बालहित मा.वि.साक्चाखोला | २०००० |
| ३५ | जनज्योती आ.वि.स्यालखोला | १५००० |
| ३६ | बालकल्याण आ.वि. मूलडाँडा | १५००० |
| ३७ | शीतल मा.वि. चौरजहारी | २०००० |
| **जम्मा** | | **५९४५००** |

| प्रमाण पेश नगरेको | ५,९४,५०० |
|---|---|

५५ **राजश्व बाँडफाटबाट शिक्षकको तलव :**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार ३५ विद्यालयलाई निम्नानुसार स्वीकृत दरबन्दीभित्र नपरेका कार्यरत ९५ शिक्षकलाई राजश्व बाँडफाटबाट रु. २०५२४७९१। तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक दरवन्दी सम्वन्धमा संगठन व्यवस्थापन तथा सर्भेक्षण गरी स्वीकृत भए अनुसार खर्च भुक्तानी हुनु पर्नेमा विकास निर्माणको लागि विनियोजन भएको राजश्व बाँडफाटवाट तलव खर्च लेख्नु मनासिब देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **औषधि खरिद**

अस्पतालमा चिकित्सकहरुले औषधीको सिफारिस गर्दा कुनै कम्पनीको ब्राण्ड भन्दा पनि औषधीको जेनेरिक नाम उल्लेख गरी सिफारिस गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा आधारभुत अस्पतालमा आएका विभिन्न ५ विरामीको प्रेस्कृप्सन परिक्षण गर्दा ४ विरामीलाईदेहाय बमोजिम ब्राण्ड उल्लेख गरी नाम शिफारिस गरेको पाइयो। यसरी ब्राण्ड उल्लेख गरी औषधि सिफारिस गर्दा अस्पतालको फार्मेसीमा सो ब्राण्डको औषधि नभएको अवस्थामा फार्मेसीबाट औषधि उपलब्ध गराउन नसकिने हुन्छ। जसको कारण नेपाल सरकारले सर्व शुलभ रुपमा अस्पताल फार्मेसीबाट जनतालाई औषधि उपलब्ध गराउनको लागि लिएको नीतिको प्रभावकारी कार्यान्वियन नहुने र अस्पतालको फार्मेर्सी पनि राम्रो सँग चल्न नसक्ने हुनाले चिकित्सकहरुले औषधि शिफारिस गर्दा यस विषयमा ध्यान पुर्याउनुपर्ने देखिन्छ।

| सि.न. | Generic Name | Trade Name |
|---|---|---|
| १ | Oral Rehydration salt Who Recommended Formula | Reiyte/Hydrate |
| २ | cap Amoxycillin 500Mg | Supramox |
| ३ | Chloroppheniramine Malate 4Mg | Chlorfen |
| ४ | Tab Metronidazole 400Mg | Met 400/Armetro-400 |
| ५ | Tab Paracetamol 500 Mg | Phenocet |
| ६ | Tab Ranitidine 150 Mg | C-Ratin 150 |
| ७ | Clotrimazole 1% Cream | Albican Pro Cream |
| ८ | Calamine lotion 30 Ml | Dermcalm lotion |
| ९ | Tab Azitrimycin 250Mg | Win Z 250/azicor |
| १० | Ciprofloxacin opthalmic Solution 0.3% Ear/Eye Drop | cipro cent /Evacip |

सैद्धान्तिक बेरुजु

## ५७ तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको

निजामती सेवा ऐन,२०४९ को ७ (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी स्वास्थ्य सेवाका कर्मचारीहरुको तलव भत्ता शिर्षकमा वर्षभरीमा रु. २५६९६५६४।०० निकासा दिई खर्च लेखेको पाईयो। कार्यालयले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता निकासा दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ५८ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शशर्त अनुदानबाट रु.१००००००।०० को औषधि खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधि प्राप्त भए नभएको एकिन नभएको,

• आपूर्ति भएका औषधि एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

• म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,

• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **पेश्कीको ब्याज**

आर्थिक वर्ष २०७६।७७ को बेरुजु दफा नं. ९३ को जनस्वास्थ्य अधिकृत श्री अकविर घर्तीको पेश्की फछ्र्यौटको सम्परीक्षण गर्दा कायम बेरुजु

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(१) मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने व्यवस्था छ। जनस्वास्थ्य अधिकृत श्री अकविर घर्तीले मिति २०७६।९।२८ मा रु. १,४५,०००।०० पेश्की लिएकोमा सो रकम मिति २०७९।९।२० मा नगदै दाखिला गरेको पाईएकोले ३ वर्षको १० प्रतिशतका दरले हुने व्याज रकम रु. ४३,५००।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४३,५०० |
|---|---|

६० **पदाधिकारी सुविधा**

कर्णाली प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१ र २ बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले ७२ जना पदाधिकारीहरुलाई रु. ७११३०००।०० भुक्तानी दिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **करारका कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा स्वास्थ्य सेवा तथा नगरपालिका अन्तर्गत गरी १३५ जना कर्मचारीहरु करारमा राखी तलब भत्ता बापत रु. ३२६३१६४१।०० खर्च गरेको छ ।

पालिकाबाट प्राप्त विवरण अनुसार पशु सेवा प्राविधिक १ जना दरबन्दी भन्दा बढी नियक्ति गरी रु. २७३०००।०० पारिश्रमिक वापत भुक्तानी दिएको छ। पालिकाले कार्यबोझ विश्लेषणका आधारमा O&M सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शि हिसावले कर्मचारी नियुक्ति गर्नुपर्नेमा ऐनको व्यवस्था विपरित दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति गरी भुक्तानी गर्नु नियमसंगत नदेखिएको रु

| अनियमित भएको | २,७३,००० |
|---|---|

६२ **विपत व्यवस्थापन कोष**

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपत् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपत् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । विपत् व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारी रु. ३०४९३८३।४० र यसवर्षको आम्दानी रु. २६४५८६०५५। समेत रु.२६७६३५४३८।४ जम्मा आम्दानी भएकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय बमोजिम रु. १९७१५८२९९।५९ खर्च भई रु. ७०४७७१३८।८१ मौज्दात रहेको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन:

| सि नं | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| १ | विपन्न नागरिकलाई औषधि तथा आर्थिक सहायता | २४०५४५ |
| २ | भुकम्प पीडितलाई अस्थायी आवास निर्माणको लागि प्रथम किस्ता भुक्तानी (प्रति लाभग्राही रु २५००० का दरले ७३६२ जनालाई) | १८४०५०००० |
| ३ | भुकम्प पीडितलाई अस्थायी आवास निर्माणको लागि दोस्रो किस्ता भुक्तानी (प्रति लाभग्राही रु २५००० का दरले ३७८ जनालाई) | ९४५०००० |
| ४ | दीर्ग रोगीहरुलाई औषधि उपचार खर्च | १८४०००० |
| ५ | बाढी पहिरो पीडित तथा विभिन्न विपतबाट क्षति भएको नागरिकहरुलाई राहत पुनर्थापना खर्च | १०७७७५४.५९ |
| ६ | गाडी दुर्घटनामा घाइतेलाई हेलिकप्टरबाट उद्धार | ५००००० |
| **जम्मा** | | **१९७१५८२९९।५९** |
| **मौज्दात** | | **७०४७७१३८।८१** |

(क) **भुकम्प प्रभावित घर परिवार अस्थायी आवास कार्यक्रम :** वि.स. २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको भुकम्पमा क्षतिग्रस्त भएको घर तथा आवासको अस्थायी व्यवस्थापनको लागि प्रति परिवार रु.५००००।०० अनुदान दिने गरी कार्यविधी स्वीकृत भएको र सो अनुसार छनौट भएको लाभग्राहीको लागि पालिकालाई यसवर्ष पहिलो किस्ता वापत रु. १८७५५००००।०० निकासा भएकोमारु.१८४०५०००० खर्च भई रु.३५००००० बाँकी रहेको छ। दोस्रो किस्ता वापत रु. ७३८५००००।०० निकासा भएकोमा रु. ९४५००००।०० खर्च भई बाँकी रु. ६४४००००० समेत रु. ६७९०००००।०० खर्च नभई पालिकाको प्रकोप व्यवस्थापन कोषमा मौज्दात रहेको छ।

(ख) **लाभग्राही छनौटः** भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को नियम ३ मा लाभग्राही छनौट तथा पहिचान सम्बन्धि व्यवस्था छ। सो व्यवस्था अनुसार भुकम्प गएका बखत एउटै आवासमा बसोबास गर्ने एउटा परिवारलाई एउटा मात्र लाभग्राही मानी अनुदान उपलब्ध गराउने उल्लेख छ। स्थानीय विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले स्वघोषणा र वडाको सिफारिसको आधारमा आवश्यक जाँचबुझ गरी लाभग्राही यकिन गर्नुपर्ने देखिन्छ। जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार यस पालिका भरिमा कुल २९२५५ जनसंख्या र ६७९१ घरपरिवार रहेकोमा ७९१६ लाभग्राही छनौट भई ७३६२ लाभग्राहीलाई पहिलो किस्ता निकासा भएको छ। पालिकाको सवै वडा भुकम्पबाट प्रभावित नरहेको र सबै आवासमा क्षति नपुगेको अवस्थामा समेत कुल परिवार भन्दा वढी हुने गरी लाभग्राही छनौट भएको छ। पालिकाले वास्तविक रुपमा भुकम्प प्रभावित परिवारको पहिचान गरी सोही आधारमा अनुदान रकम वितरण गर्नुपर्दछ।

यस सम्बन्धमा छलफल गर्दा जनगणना भएको २ वर्ष पश्चात भुकम्प गएको र सो अवधिमा परिवार संख्या बढेको हुँदा लाभग्राहीको संख्या बढी रहेको भन्ने पालिकाको भनाई रहेको छ।

(ग) **अनुदान निकासाः** भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को दफा ४ मा छनौट भएका लाभग्राहीहरुलाई अनूसुचि-२ अनुसार सम्झौता पहिलो किस्ता वापत रु. २५०००।०० अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार ७९१६ लाभग्राही छनोट भएकोमा पहिलो किस्ता ७३६२ लाभग्राहीले मात्र अनुदान लिएको देखिन्छ। बाँकी ५५४ जनाले भूकम्प गएको लामोसमय व्यतित हुँदा पनि अस्थायी आवास निर्माण प्रयोजनका लागि निवेदन नदिएको हुँदा लाभग्राही भए नभएको यकिन गरी लाभग्राहीहरुको विवरण अद्यावधिक गर्नुपर्दछ।

(घ) **आवास निर्माण अनुदानः** कार्यविधीको दफा ५ मा अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परीवारलाई नेपाल सरकारबाट उपलब्ध गराईने पुन:निर्माण अनुदान सरकारी बाँकी सरह असुल गर्नुपर्ने उल्लेख छ। साथै आवास निर्माण सम्बन्धमा आवश्यक अनुगमन गर्ने जिम्मा स्थानीय तहलाई रहेको देखिन्छ। छनौट भएका लाभग्राहीहरु मध्ये वडाका

आधारमा आवास निर्माणको काम भए नभएको तथा काम सुरु गरे वा नगरेको अनुगमन मार्फत यकिन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

(ङ) वार्षिक प्रतिवेदन : विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धीत समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६३ **ईन्धन खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १२५ लिटर ईन्धन र १० लिटर मोविल, वडा अध्यक्षलाई मासिक ३० लिटर ईन्धन र २ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार डोजर १, बस ५, एम्बुलेन्स ४, मिनिट्रक १, स्कारपियो २, बोलेरो १ र जेनेरेटर १ संचालन रहेकोमा ईन्धन खर्च वापत पालिकाले यसवर्ष पदाधिकारी, कार्यालय प्रयोजन र अन्य प्रयोजन समेतको लागि रु. १२५०६०००। खर्च गरेको देखिएकोमा उक्त ईन्धन खर्चको लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६४ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार ५ वटा नगर वस, १ टिपर, १ ब्याकहो लोडर, ८ वटा चार पाङ्ग्रे र २३ वटा २ पाङ्ग्रे सवारी साधन मर्मत गरेवापत वार्षिक रू ५६३७९००।०० खर्च भएको छ । पालिकाले तोकिएको ढाँचामा मर्मत संभार तथा संरक्षण खाता अद्यावधिक गरी मर्मत कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **घरभाडा**

